वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ४६ २०८३ जेठ २२ गते शुक्रबार, नेपाल सम्वत् ११४६ June 05, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-




## जातीय विभेद अन्त्यको साझा प्रतिबद्धतासहित तनहुँमा विविध कार्यक्रम

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

नेपालले कानुनी रूपमा छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको दुई दशक पुगेको छ । संविधानले समानताको हक सुनिश्चित गरेको छ। जातीय भेदभाव तथा छुवाछुतलाई अपराध घोषणा गरिएको छ । अन्तर्राष्ट्रिय महासन्धिमा नेपालले प्रतिबद्धता जनाएको छ। तर यति हुँदाहुँदै पनि समाजमा जातीय विभेद र छुवाछुतका घटना आज पनि रोकिएका छैनन् ।

जातीय विभेद तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाइरहँदा गम्भीर प्रश्न उठाएको छ– कानुन बन्यो, घोषणा भयो, तर व्यवहार किन फेरिएन ? हरेक वर्ष यो दिवस विभिन्न कार्यक्रम, गोष्ठी, नाराबाजी र प्रतिबद्धता सहित मनाइएपनि सकरात्मक परिणाम नआएको दलित अगुवाहरू बताउँछन् ।

दलित समुदायका अधिकार, सम्मान र सामाजिक न्यायका विषयमा बहस हुन्छ । तर वर्षदिन बित्दा फेरि कुनै न कुनै जिल्लाबाट विभेदको घटना सार्वजनिक हुन्छ। कतै मन्दिर प्रवेशमा रोक लगाइन्छ, कतै भोजभतेरमा विभेद गरिन्छ, कतै सामाजिक बहिष्कार गरिन्छ। कतिपय घटना त सार्वजनिक नै हुँदैनन् । समाजको भित्री तहमा अझै पनि विभेद गहिरो रूपमा जरा गाडेर बसेको छ ।

नेपालले २०६३ सालमै देशलाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको थियो । संविधानले दलित समुदायको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले यस्तो कार्यलाई दण्डनीय अपराध मानेको छ। मुलुकी अपराध संहिताले पनि विभेद गर्नेलाई कारबाहीको व्यवस्था गरेको छ । तर कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा पीडितले न्याय पाउन सकेका छैनन् । समस्या केवल कानुनको अभाव होइन, सोचको अभाव देखिएको छ ।

शिक्षित भनिएका समाज र राजनीतिक नेतृत्वभित्रै विभेदपूर्ण व्यवहार भेटिनु झन् दुःखद विषय हो। पछिल्लो समय विभिन्न जिल्लामा भएका घटनाले देखाएको छ कि विभेद केवल गाउँघरको समस्या मात्र होइन, राज्य संयन्त्रभित्रै पनि चेतनाको कमी छ । कतिपय अवस्थामा दोषीलाई संरक्षण गर्ने, घटनालाई मिलापत्रमा टुंग्याउने वा पीडितलाई नै दबाब दिने प्रवृत्ति देखिन्छ । यसले पीडित समुदायमा थप निराशा र असुरक्षा पैदा हुनेगरेको छ ।



तनहुँको शुक्लागण्डकी नगरपालिकामा विहीबार निकालिएको ऱ्यालीमा सन्देशमुलक नारा लेखिएको प्लेकार्डसहित सहभागि भएका एक पुरूष । *तस्विर : भञ्ज्याङ*

यस्तै, तनहुँ जिल्लाका विभिन्न स्थानीय तहमा २०औं जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस २०८३ विविध सचेतनामूलक कार्यक्रमसहित मनाइएको छ । दिवसको अवसरमा व्यास, भानु, शुक्लागण्डकी, भिमाद नगरपालिका, बन्दीपुर, म्याग्दे र घिरिङ गाउँपालिकामा विभिन्न कार्यक्रम गरिएको छ ।

शुक्लागण्डकी नगरपालिकामा नगर स्तरीय दलित सञ्जालले सांस्कृतिक झाँकीसहित ऱ्याली र सभा गरेको थियो। विपी चोकबाट सुरू भएको ऱ्याली नगरपालिकामा पुगेर सभामा परिणत भएको थियो।

सभामा नगर प्रमुख कृष्णराज पण्डितले दलित समुदायलाई अवसरमा प्राथमिकता दिनुपर्नेमा जोड दिँदै जातभन्दा पनि वर्गीय असमानता अझै प्रमुख चुनौती रहेको चर्चा गरे। उनले आर्थिक सशक्तीकरणमार्फत दलित समुदायको जीवनस्तर सुधार गर्न स्थानीय सरकार सक्रिय रहेको उल्लेख गरे ।

कार्यक्रममा उपप्रमुख खुमबहादुर विकले समाजमा विभेदका अवशेष अझै कायम रहेको भन्दै कानुनको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए।

बाँकी तेश्रो पेजमा

## कृषकलाई अनुदानमा कृषि सामग्री वितरण

**भञ्ज्याङ समाचारदाता**/भानु

तनहुँको भानु नगरपालिका वडा नं. ९ ले आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रमअन्तर्गत कृषकहरूलाई ५० प्रतिशत अनुदानमा विभिन्न कृषि मेशिनरी वितरण गरेको छ। वडाभित्रका परम्परागत कृषि प्रणालीमा बढ्दो लागत र श्रम अभावका कारण कृषकहरु निरूत्साहित हुँदै गएको अवस्थालाई मध्यनजर गर्दै कृषि कार्यलाई सहज, प्रभावकारी र उत्पादनमुखी बनाउन उक्त सामग्री वितरण गरिएको वडाध्यक्ष गुरूङले बताए ।



कृषकहरूको मागका आधारमा कृषि कार्यलाई आधुनिक तथा सहज बनाउन मेशिनरी वितरण गरिएको वडा अध्यक्ष मिन बहादुर गुरूङले जानकारी गराए ।

वडा कार्यालयले १४ थान मिनि टिलर, १० थान कम्बाइन्ड मिल, ४ थान स्प्रे मेसिन तथा ४ थान घाँस काट्ने मेसिन कृषकलाई वितरण गरेको छ ।

वडाध्यक्षले कृषि क्षेत्रमा यान्त्रीकरणको प्रयोग बढाउँदै कृषकलाई व्यवसायिक खेतीतर्फ आकर्षित गर्ने उद्देश्यले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताए। कृषकहरूले अनुदानमा प्राप्त सामग्रीले कृषि कार्यमा सहजता आउने र उत्पादन लागत घटाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

## एम्बुलेन्स र मिनी ट्रक ठोक्किंदा सात जना घाइते

**भञ्ज्याङ समाचारदाता**/दमौली

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-६ मनहरीमा विहीबार बिहान एम्बुलेन्स र मिनी ट्रक एकापसमा ठोक्किँदा सात जना घाइते भएका छन् ।

पोखराबाट दमौलीतर्फ आउँदै गरेको ग१ख ५६५९ नम्बरको मिनी ट्रक र विपरीत दिशाबाट जाँदै गरेको लु.प्र. ०१-००१ झ ००४६ नम्बरको एम्बुलेन्स ठोक्किँदा सात जना घाइते भएका हुन् ।

दुर्घटनामा एम्बुलेन्समा सवार छ जना र मिनी ट्रक चालक गरी सात जना घाइते भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक दीपककुमार कार्कीले जानकारी दिए । घाइतेमध्ये एक जनाको अवस्था गम्भीर छ ।

दुर्घटनामा एम्बुलेन्स चालक रोल्पाको थवाङ गाउँपालिका-२ बस्ने २४ वर्षीय कुशल परियार, सोही ठाउँ बस्ने ६१ वर्षीया जुनराखी बुढा मगर, २५ वर्षीया अन्जना बुढा मगर, तीन वर्षीय युवान बुढा मगर, पूर्वी रूकुम भुमे गाउँपालिका-७ बस्ने ३६ वर्षीया चिजामाया घर्ती, रोल्पाको थवाङ गाउँपालिका-२ बस्ने ६० वर्षीया धनप्रसाद बुढा मगर घाइते भएका छन् । घाइतेमध्ये २५ वर्षीया अन्जना बुढा मगरको अवस्था गम्भीर रहेको प्रहरी निरीक्षक कार्कीले बताए । घाइतेहरूको बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा उपचार भइरहेको छ ।

**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**

**सम्पर्क : ०६५-५६३९०७**

www.bhanjyangnews.com

E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

## भारत भ्रमणपछि रवि लामिछाने थप शक्तिशाली बन्दैछन् ?

**गणेश पाण्डे**/काठमाडौं

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति रवि लामिछानेलाई भारतले उच्च महत्त्व दिएको विषयलाई कूटनीतिक क्षेत्रमा अर्थपूर्ण रूपमा हेरिएको छ । भारतको सत्तारूढ दल भारतीय जनता पार्टी (भाजपा)का अध्यक्ष नितिन नवीनको निमन्त्रणमा जेठ १८ गते नयाँदिल्ली पुगेको रवि नेतृत्वको प्रतिनिधिमण्डललाई त्यहाँका प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, विदेशमन्त्री डा. एस. जयशंकर लगायत उच्चस्तरीय पदाधिकारीले भेटवार्ता गरेका थिए।

०७९ मा आफ्नै नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी गठन गरेका रविले केही महिनामै भएको संसदीय निर्वाचनमा उत्साहप्रद परिणाम निकाल्दै संसदीय राजनीतिमा आफ्नो पार्टीलाई निर्णायक शक्तिका रूपमा स्थापित गरे । त्यस यता उनले विभिन्न खण्डमा आरोह-अवरोध सामना गरे । शक्तिशाली




मन्त्रालय लिएर सत्तामा पुगेका उनी लामो समय टिक्न सकेनन् । नागरिकता प्रकरणमा उनको सांसद पद समेत गुम्यो ।

त्यतिमात्र होइन, सहकारी ठगी प्रकरणमा उनी पक्राउ परे । उनीमाथि संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दासमेत अघि बढाइयो। जेनजी आन्दोलन हुँदासम्म पुर्पक्षका लागि थुनामा रहेका उनी आन्दोलनकै बलमा जेलबाट निस्किए। आन्दोलनको फाइदा उठाएर जेलबाट भागेको भन्दै उनको सर्वत्र आलोचना भयो । परिणामस्वरूप उनी पुनः जेलमै फर्कनु पऱ्यो ।

त्यतिबेलासम्म रवि लामिछाने र उनी नेतृत्वको रास्वपाको शक्ति क्षीण भइसकेको थियो। परिवर्तित राजनीतिक परिस्थितिमा उनी धरौटीमा रिहा भए । सोही क्रममा काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर वालेन्द्र (बालेन) साहसँग रवि लामिछानेले सहकार्यको हात बढाए । पार्टी सत्तामा आफू रहने र बालेनलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेर चुनावमा जाने गरी रवि लामिछानेले समझदारी गरे । सोही समझदारीका आधारमा रास्वपाले गत फागुनमा सम्पन्न निर्वाचनमा झन्डै दुई तिहाइ बहुमत प्राप्त

बाँकी तेश्रो पेजमा

## सम्पादकीय .............

www.bhanjyangnews.com

# विश्व वातावरण दिवस

जुन ५ तारिख, विश्व समुदायले विश्व वातावरण दिवस मनाउँदैछ। यस वर्ष नेपालमा "समृद्ध भविष्यको आधारः जलवायुमैत्री एवं प्रकृतिमैत्री विकास" भन्ने नाराका साथ यो दिवस मनाइदै छ । सन् १९७२ मा स्वीडेनको स्टकहोममा संयुक्त राष्ट्रसंघको सक्रियतामा सम्पन्न पहिलो मानवीय वातावरण सम्मेलनपछि सुरू गरिएको यो दिवस हाल विश्वका सबै देशहरूले विभिन्न चेतनामूलक गतिविधि गरी मनाउँदै आएका छन्। संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको नेतृत्वमा हरेक वर्ष फरक फरक नारा तय गरिन्छ, जसले सो वर्षको प्रमुख वातावरणीय संकटप्रति चेतना जगाउने कार्य गर्छ । "समृद्ध भविष्यको आधारः जलवायुमैत्री एवं प्रकृतिमैत्री विकास" यस्तो नारा अहिलेको समयमा अत्यन्त सान्दर्भिक मात्र होइन, अनिवार्य पनि भएको छ । प्रकृतिमैत्री विकास आजको युगको आवश्यकता हो । प्रकृतिमैत्री क्रियाकलाप नहुँदा अहिले जलवायु परिवर्तनको असर बढ्दै गएको छ । यस्तै, वातावरणलाई प्लाष्टिकजन्य वस्तुले पनि प्रदुषित बनाउँदै लगेको छ । सस्तो, सजिलो र सर्वसुलभ भएकाले यसले हाम्रो जीवनशैलीमा व्यापक प्रभाव पारिसकेको छ । तर यसको प्रयोगले उत्पन्न गरेको प्रदूषण, प्रभाव र भविष्यको खतरा अब नियन्त्रणको सीमा नाघ्दै गएको यथार्थ हो ।

विश्वमा हरेक वर्ष ३० करोड टनभन्दा बढी प्लास्टिक उत्पादन हुन्छ, जसमध्ये झण्डै ५० प्रतिशत एकपटकको प्रयोगमै सीमित हुन्छ । प्रत्येक वर्ष ८० लाख टनभन्दा बढी प्लास्टिक फोहोर समुद्रमा पुग्छ, जसले जलचर जीवन तहसनहस पारिरहेको छ । वैज्ञानिक तथ्यांकहरु अनुसार प्लास्टिकजन्य सूक्ष्मकण आज हावादेखि हिमालसम्म, समुद्रदेखि मानव शरीरसम्म पाइएको छ । नेपाल पनि यो संकटबाट अछुतो छैन । शहरका सडक, नदी किनार, पर्यटकीय पदमार्गदेखि ग्रामीण बजारसम्म प्लास्टिक फोहोर छरिएको देखिन्छ । यसको असर केवल दृश्य प्रदूषणमा सीमित छैन; यसले माटोको उर्वराशक्ति घटाउँछ, जल शुद्धतालाई नष्ट गर्छ, वायुमण्डलमा हानिकारक रसायन मिसाउँछ र वन्यजन्तुहरूको अस्तित्वमा खतरा पुर्‍याउँछ । अझ चिन्ताजनक पक्ष के भने, प्लास्टिक हाम्रो खाद्य श्रृंखलामै प्रवेश गरिसकेको छ । वैज्ञानिक परीक्षणहरूमा मानिसको रक्तसञ्चार प्रणालीमा समेत सूक्ष्म प्लास्टिकको अंश भेटिन थालेको छ, जसले मानव स्वास्थ्यमा दीर्घकालीन असर पार्ने प्रष्ट संकेत दिन थालेको छ ।

यस सन्दर्भमा, अहिलेको आवश्यकता केवल नारामात्र होइन, व्यवहारिक, संस्थागत र नीतिगत कदमहरु हुन् । हामीले तीन तहका सरकारहरूदेखि प्रत्येक नागरिकसम्म यो दायित्वका रूपमा लिई सशक्त पहल गर्न जरूरी छ । सबैभन्दा पहिले, एकल प्रयोग हुने प्लास्टिकको नियन्त्रण गरिनुपर्छ। झोला, प्लास्टिक बोतल, गिलास, प्लास्टिकका चम्चा जस्ता वस्तुको उत्पादन, आयात र प्रयोगमा कडाइ आवश्यक छ। यसका लागि विकल्पको विकास अनिवार्य शर्त हो– जस्तै कपडाको झोला, कागज, बाँस वा धातुबाट बनेका वस्तुहरूको प्रवर्द्धन । दोस्रो, फोहोर व्यवस्थापन र पुनःचक्रण प्रणाली प्रभावकारी बनाउनुपर्नेछ । घरघरमै फोहोरको वर्गीकरण, नगरपालिका स्तरमा पुनःचक्रण संयन्त्रको स्थापना, र प्लास्टिक उत्पादक कम्पनीहरूलाई उत्तरदायी बनाउने नीति आवश्यक छ । तेस्रो, जनचेतना र शिक्षा–विद्यालयदेखि विश्वविद्यालयसम्म, समुदायदेखि सञ्चारमाध्यमसम्म, प्लास्टिक प्रदूषणका असर र समाधानबारे जनस्तरमा संवाद र संलग्नता आवश्यक छ । चौथो, नीति र कार्यान्वयनको समन्वय–कानून बनाउनेभन्दा पनि पालना गराउने पक्षमा सरकार गम्भीर हुन जरूरी छ । कागजमा भएका नीति र कार्ययोजनाले व्यवहारमा प्रभाव पार्न नसकेको स्थितिमा सुधार आवश्यक छ ।

हामीले बुझ्नुपर्छ, हाम्रो जीवनशैली परिवर्तन नगरेसम्म वातावरणीय संकट टर्दैन। जलवायु परिवर्तन, जैविक विविधताको विनाश, तापक्रम वृद्धि, प्राकृतिक विपत्तिको तीव्रता र आवृत्ति छन्, र प्लास्टिक प्रदूषण यी सबैको एक साझा कारक हो । यसै सन्दर्भमा, हामीले आजको वातावरण दिवसलाई केवल प्रतीकात्मक क्रियाकलाप, ब्यानर र भाषणको दिन नबनाई, व्यक्तिगत प्रतिबद्धता र सामूहिक व्यवहार परिवर्तनको सुरूआतको दिनका रूपमा लिनुपर्छ । यदि हामी अझै पनि बुझेको बुझ्यै नगर्ने हो भने, भविष्यका पुस्ताले हामीलाई माफ गर्नेछैनन् । पृथ्वी अब पनि बचाउन सकिन्छ, तर त्यसका लागि समय सीमित छ । आजको कार्य नै भोलिको भविष्य हो । अब आवश्यक छ– सरकार, निजी क्षेत्र, शैक्षिक संस्था, संचारमाध्यम, संघसंस्था, र सर्वसाधारण सबैले आ–आफ्नो ठाउँबाट वातावरण संरक्षणमा सार्थक योगदान दिनु । विशेषगरी, "समृद्ध भविष्यको आधारः जलवायुमैत्री एवं प्रकृतिमैत्री विकास" भन्ने यो वर्षको राष्ट्रिय नारालाई व्यवहारमा उतार्नु हाम्रो साझा दायित्व हो । हामीले स्वस्थ जीवन, स्वस्थ समाज, स्वस्थ राष्ट्र र स्वस्थ पृथ्वी चाहने हो भने-अब समय शब्द होइन, कर्मको हो । वातावरण संरक्षण तथा प्रकृतिमैत्री विकासलाई अवलम्बन गर्न नसकेमा भोलिको अवस्था के हुने हो भन्ने सकिने अवस्था छैन ।

# बजेट : कसले के पायो, के गुमायो ?

गणतन्त्र दिवसको अवसर पारेर सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि नयाँ बजेट सार्वजनिक गरिएको छ। प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारका तर्फबाट अर्थमन्त्री डा. स्वर्णिम बाग्लेले जेठ १५ गते संघीय संसद्को संयुक्त बैठकमा २१ खर्ब २४ अर्ब ३४ करोड रूपैयाँ बराबरको बजेट प्रस्तुत गरे। सरकारले भौतिक पूर्वाधार, पर्यटन, उद्योग, सडक तथा सिँचाइ क्षेत्रमा प्राथमिकता दिएको देखिन्छ। तर बजेटको वास्तविक प्रभाव त्यसको आकारले होइन, कार्यान्वयन क्षमता र जनताको जीवनमा पार्ने असरले निर्धारण हुन्छ।

नेपालको अर्थतन्त्र अहिले पनि मुख्यतः कर, रेमिट्यान्स, विदेशी ऋण र अनुदानमा आधारित छ। उत्पादन र निर्यात कमजोर भएका कारण देश आत्मनिर्भर बन्न सकेको छैन। यस्तै अवस्थामा सरकारले विकासका ठूला योजना प्रस्तुत गरे पनि ती व्यवहारमा कार्यान्वयन हुनेमा आशंका रहन्छ। बजेटले जनतालाई आशा दिनुपर्ने हो, तर अहिलेको बजेटले आम नागरिकको दैनिकी सहज बनाउने स्पष्ट आधार प्रस्तुत गर्न सकेको देखिँदैन।

छन् भने तराईका उर्वर भूमि घडेरी र प्लटिङमा परिणत भइरहेका छन्। यसले भविष्यमा खाद्य संकट निम्त्याउने खतरा बढेको छ। कृषि क्षेत्रमा आधुनिक प्रविधि, सिँचाइ र बजार व्यवस्थापनमा दीर्घकालीन योजना आवश्यक छ।

सरकारले सामाजिक सुरक्षा भत्ताको पुनरावलोकन गर्ने संकेत गरेको छ। "आवश्यक नभएकाले सुविधा फिर्ता गर्नुपर्ने" भनिए पनि व्यवहारमा यो प्रभावकारी हुन कठिन देखिन्छ। सामाजिक सुरक्षा वितरणमा जातीय आधारभन्दा आर्थिक अवस्थालाई प्राथमिकता दिनु उपयुक्त हुन्छ। वास्तवमै विपन्न, अशक्त र आयस्रोतविहीन नागरिकलाई राज्यको संरक्षण आवश्यक हुन्छ। वृद्धभत्ता पनि वास्तविक आवश्यकताका आधारमा वितरण गर्न सकिन्छ। गरिब तथा असहाय ज्येष्ठ नागरिकलाई स्वास्थ्य उपचार, औषधि र सामाजिक सुरक्षामा विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता छ। राज्यले सामाजिक न्यायको सिद्धान्तअनुसार नीतिहरु निर्माण गर्नुपर्छ।

सरकारले सडक पूर्वाधारमा विशेष जोड दिएको छ। तर सडक चौडा बनाउँदैमा

नीति लिन आवश्यक छ।

महँगीले अहिले आम नागरिकलाई सबैभन्दा बढी पीडा दिएको छ। बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य बढिरहेको छ। कर तथा भ्याटको भारले सामान्य नागरिक थप समस्यामा परिरहेका छन्। सहकारी ठगीका पीडितहरु अझै न्यायको प्रतीक्षामा छन्। जनताको बचत सुरक्षित गर्न र वित्तीय अनुशासन कायम गर्न सरकारले प्रभावकारी कदम चाल्नुपर्छ।

बजेट प्रस्तुतिपछि प्रधानमन्त्रीले संसद्मा दिएको अभिव्यक्तिले पनि विवाद सिर्जना गरेको छ। भारत–नेपाल सीमा र भूमि सम्बन्धी अभिव्यक्तिपछि विभिन्न प्रतिक्रिया आएका छन्। राष्ट्रिय स्वाभिमानसँग जोडिएका विषयमा राजनीतिक नेतृत्वले अत्यन्त जिम्मेवार अभिव्यक्ति दिन आवश्यक हुन्छ। यस्ता विषयमा कूटनीतिक संवेदनशीलता र राष्ट्रिय हितलाई केन्द्रमा राख्नुपर्छ।

आज नागरिक समाज, बुद्धिजीवी, मानवअधिकारकर्मी तथा राजनीतिक दलहरु जनताको वास्तविक समस्याप्रति पर्याप्त



> **कृषि क्षेत्रमा सरकारले सिंचाइलाई प्राथमिकता दिएको उल्लेख गरे पनि त्यसका लागि स्पष्ट कार्ययोजना सार्वजनिक गरिएको छैन। किसान आज पनि मल, बीउ, सिंचाइ र बजारको समस्याबाट पीडित छन्। कृषकका उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने र कृषि उत्पादनको बीमा गर्ने नीति प्रभावकारी रूपमा आउन सकेको छैन।**

**सुरेशकुमार पाण्डे**

शिक्षा, स्वास्थ्य, सुरक्षा र रोजगारीजस्ता आधारभूत क्षेत्रमा सरकारले अपेक्षित प्राथमिकता दिन सकेको छैन। युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने ठोस योजना नदेखिँदा अझै पनि वैदेशिक रोजगारी नै प्रमुख विकल्पका रूपमा प्रस्तुत भइरहेको छ। सरकारले रेमिट्यान्स बढाउने उद्देश्यले ल्याएका कतिपय योजना लोकप्रिय देखिए पनि त्यसले युवालाई विदेशतर्फ थप आकर्षित गर्ने सम्भावना बढी छ।

देशभित्र उद्योग, कृषि तथा उत्पादनमूलक क्षेत्रमा लगानी बढाएर युवालाई स्वदेशमै अवसर दिने नीति आवश्यक थियो। विदेशिएका युवालाई फर्काउन केवल घोषणाले मात्र पुग्दैन। उनीहरूलाई लगानी, सीप र उद्यमशीलतामा प्रोत्साहन गर्ने व्यवहारिक कार्यक्रम आवश्यक हुन्छ। कृषि क्षेत्रमा सरकारले सिँचाइलाई प्राथमिकता दिएको उल्लेख गरे पनि त्यसका लागि स्पष्ट कार्ययोजना सार्वजनिक गरिएको छैन। किसान आज पनि मल, बीउ, सिँचाइ र बजारको समस्याबाट पीडित छन्। कृषकका उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने र कृषि उत्पादनको बीमा गर्ने नीति प्रभावकारी रूपमा आउन सकेको छैन।

नेपाल कृषि प्रधान देश भनिए पनि कृषकको अवस्था दयनीय छ। पहाडी क्षेत्रमा खेतीयोग्य जमिन बाँझो बन्दै गएका

मात्र दुर्घटना कम हुँदैन। नियमित मर्मत, सुरक्षित संरचना, व्यवस्थित नाला र यातायात व्यवस्थापन आवश्यक हुन्छ। पहाडी क्षेत्रमा सडक किनारमा वृक्षारोपण तथा भूक्षय नियन्त्रणका कार्यक्रम पनि प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ। अहिले धेरै सडक निर्माण अधुरो, अव्यवस्थित र जोखिमपूर्ण अवस्थामा छन्।

शिक्षा क्षेत्रमा सुधार गर्न पनि सरकारले व्यवहारिक कदम चाल्न आवश्यक छ। सरकारी विद्यालयको गुणस्तर सुधार नगरी केवल भाषणले परिवर्तन सम्भव हुँदैन। जनप्रतिनिधि र सरकारी कर्मचारीका बालबालिकालाई सरकारी विद्यालयमा अध्ययन गराउने नीति लागू गर्न सके सार्वजनिक शिक्षाप्रति विश्वास बढ्न सक्छ। राजनीति गर्नु नागरिकको अधिकार हो, तर राज्यले नागरिकलाई आधारभूत शिक्षा, स्वास्थ्य, सुरक्षा र सम्मानजनक जीवनको ग्यारेन्टी दिनुपर्छ। सरकारको प्राथमिकता जनताको जीवनस्तर सुधार हुनु आवश्यक छ।

सुकुम्बासी र भूमिहीन नागरिकका विषयमा सरकारको नीति अझै स्पष्ट देखिँदैन। कतिपय स्थानमा टहरा हटाइँदा प्रभावित परिवारको पुनर्स्थापना र क्षतिपूर्तिको व्यवस्था प्रभावकारी देखिएन। अर्कोतर्फ, सार्वजनिक जमिन शक्तिशाली व्यक्तिहरूको कब्जामा रहने तर गरिब नागरिक विस्थापित हुने अवस्था अन्यायपूर्ण छ। भूमिसुधार तथा भूमि व्यवस्थापनमा सरकारले निष्पक्ष

रूपमा संवेदनशील देखिँदैनन् भन्ने गुनासो बढिरहेको छ। गरिब, किसान, श्रमिक र सुकुम्बासीका आवाजलाई प्रभावकारी रूपमा उठाउने वातावरण आवश्यक छ।

देश लगातार ऋण, अनुदान र रेमिट्यान्समा निर्भर बन्दै गएको छ। विदेशी सहायता र ऋणले मात्र दीर्घकालीन समृद्धि सम्भव हुँदैन। आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि स्वदेशी उद्योग, कृषि, उत्पादन र साना उद्यमलाई प्राथमिकता दिनुपर्छ।

देशभित्र साना तथा मझौला उद्योग विस्तार गरी युवालाई रोजगारी सिर्जना गर्न सकिन्छ। उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन सके आयात घटाउन र अर्थतन्त्र बलियो बनाउन सहयोग पुग्छ। विदेशी सहायता र ऋणमा आधारित विकासले दीर्घकालीन रूपमा राष्ट्रिय स्वाभिमान कमजोर बनाउने खतरा रहन्छ। अहिले प्रस्तुत बजेटले पुरानै आर्थिक ढाँचालाई निरन्तरता दिएको अनुभूति हुन्छ। जनताले राहतभन्दा महँगी, ऋण र अनिश्चितता बढी महसुस गरेका छन्। बजेटले वास्तविक अर्थमा नागरिकको जीवन परिवर्तन गर्ने क्षमता राख्नुपर्छ।

देशलाई आत्मनिर्भर, उत्पादनमुखी र न्यायपूर्ण अर्थतन्त्रतर्फ लैजान सकिए मात्र बजेटको वास्तविक उद्देश्य पूरा हुनेछ। अन्यथा हरेक वर्ष आउने बजेट केवल कागजी घोषणा र राजनीतिक भाषणमा सीमित हुने खतरा रहिरहनेछ ।

## तपाईंको आज

**मेष**
प्रेमको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा मन रमाउनेछ। आयआर्जन पनि मनग्य हुनेछ।

**वृष**
कामको चापबाट मुक्त रही विश्राम पाइनेछ। रमाइलो यात्रा र अतिथिका रूपमा मानसम्मान प्राप्त हुनेछ।

**मिथुन**
स्रोतसाधन जुटाउन केही खर्च र दौडधुप गर्नुपर्ला। काममा अरूको मुख ताक्नाले पछि परिनेछ।

**कर्कट**
प्रयत्न गर्दा विगतका कमजोरी सच्याउन सकिनेछ। सावधानीले पनि क्षतिबाट जोगाउनेछ।

**सिंह**
अध्ययनको लगावले विशेष अवसर दिलाउन सक्छ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ।

**कन्या**
सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ। प्रयत्न गर्दा पछि फाइदा हुनेछ।

**तुला**
बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला।

**वृश्चिक**
साझेदारीमा आन्तरिक प्रतिस्पर्धा बढ्न सक्छ। अप्ठ्यारो पर्दा मान्यजन तथा अग्रजहरूले साथ दिनेछन्।

**धनु**
समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरु फेला पर्नेछन्। यात्राको साइत पनि जुर्न सक्छ।

**मकर**
मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ। दिउँसोबाट दिगो काम प्रारम्भ गर्न सकिनेछ।

**कुम्भ**
श्रमअनुसार फाइदा कमै होला। ठूलो प्रयत्न गर्दा सामान्य उपलब्धि उठाउन सकिनेछ।

**मीन**
महत्त्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला। होसियारपूर्वक काम बनाउने समय छ।

# भारत भ्रमणपछि रवि .......

गऱ्यो भने बालेनकै नेतृत्वमा सरकार गठन भयो ।

रवि यतिबेला नेपालकै प्रमुख राजनीतिक शक्तिको सभापति छन् । सोही हैसियतमा उनलाई भारतको सत्तारूढ दल भाजपाले भारत भ्रमणका लागि निमन्त्रणा गरेको हो। भाजपा यतिबेला भारतको सत्तारूढ दल हो । त्यसैले पार्टीले बोलाएको पाहुनालाई भारत सरकारले पनि उच्च महत्त्व दिएर स्वागत-सत्कार गर्नु राम्रो संकेत रहेको विश्लेषक डम्बर खतिवडा बताउँछन् ।

रविलाई भारतले उच्च महत्त्व दिएकोप्रति खतिवडाले दुई वटा दृष्टिकोणबाट विश्लेषण गरे । प्रधानमन्त्री बालेन्द्र साह कूटनीतिमा योग्य नभएर पार्टीले नै सभापतिलाई अगाडि सारेको हुन सक्ने उनको भनाइ छ । दोस्रो, बालेनलाई साइजमा ल्याउन भारतले 'समानान्तर कूटनीति' अनुसार रविलाई महत्त्व दिएको हुनसक्ने उनले बताए ।

'राष्ट्र-राष्ट्रबिचको सम्बन्ध राम्ररी जान नसकेपछि त्यसप्रति बालेनको इनकम्पिटेन्सी र उदासीनताका कारण भारतले समानान्तर कूटनीतिको अभ्यास गरेको देखिन्छ। राज्य-राज्य सम्बन्ध ठिक हुँदैन भने पार्टी-पार्टी सम्बन्ध विकास गरौँ र त्यहीँबाट राज्यका समस्या हल गरौँ भनेर एक प्रकारको समानान्तर कूटनीति प्रयोग गरेको हुनसक्छ', रातोपाटीसँग खतिवडाले भने ।

बालेनसँग भारतको सम्बन्धमा सुधार नआउँदासम्म भारत सरकारका लागि रविको महत्त्व हुने उनको भनाइ छ । 'बालेनसँगको सम्बन्ध कहिल्यै पनि विश्वसनीय भएन भने उनीहरूले बालेनलाई रिप्लेस गर्न रविलाई प्रयोग गर्न सक्छन् । यसको अर्थ यति नै हो,' उनले भने ।

भारतका लागि पूर्वराजदूत निलाम्बर आचार्यले रविलाई भारत सरकारले दिएको सम्मान नेपाली जनता र नेपालप्रतिकै सम्मान भएको बताए । यसलाई नकारात्मक रूपमा लिन नहुने उनको तर्क छ । संसदमा बहुमत प्राप्त दलको सभापति भएका हुनाले रविको भ्रमणलाई सामान्य रूपमा हेरिनुपर्ने उनले बताए ।

'रवि लामिछानेजी सबैभन्दा ठुलो दल र संसदमा राम्रो बहुमत पाएको पार्टीको सभापति हुनुहुन्छ । त्यसैले उहाँसँगको भेटघाट, उहाँलाई दिइएको स्वागत उहाँप्रति मात्र नभई नेपाली जनता र नेपालप्रति नै हो भन्ने मलाई लाग्दछ । त्यसैले यो भ्रमणलाई सामान्य रूपमा सकारात्मक र उपयोगी ठान्दछु', उनले भने ।

पार्टीभित्र वरिष्ठ नेता तथा प्रधानमन्त्री बालेन हाबी भइरहेको, आगामी असारमा हुने प्रथम महाधिवेशनमा सभापतिमा टक्कर दिन सक्ने चर्चा चलिरहेको बेला रविको भारत भ्रमणले मूलधारको राजनीतिमा प्रभाव बढेको देखिन्छ । रास्वपालाई सहरी क्षेत्र र खस-आर्य नश्लीय चिन्तनबाट माथि उठ्न नसकेको सिद्धान्तविहीन पार्टीको रूपमा राजनीतिक वृत्तमा विश्लेषण भएको थियो ।

गत फागुनमा भएको निर्वाचनमा आफूमाथि लागेका यी आरोपलाई खण्डित गर्न रविले समावेशी प्रतिनिधित्वलाई विशेष महत्त्व दिए । निर्वाचनपूर्व उनले मधेसी मूलका बालेनलाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अगाडि बढाए । २०६९ सालमा वैकल्पिक राजनीतिको सुत्रधार मानिएका विवेशशील साझा पार्टीसँग एकता गरे । थारूवान/थरूहट, जेनजी आन्दोलनलाई पार्टीले अपनत्व लिँदै उनले आदिवासी/नजाति, थारू, मुस्लिम, दलित, मसेसी सबै पक्षलाई पार्टीमा भित्र्याए ।

विशेषतः आफैँले कोरेको पार्टीको जगमा समावेशी प्रतिनिधित्वलाई निर्वाचन केन्द्रित गरे। रवि र बालेनको लोकप्रियताको आडमा रास्वपाले दुई तिहाइ नजिक बहुमत ल्याउन सफल भयो। आम युवमामाझ सर्वाधिक रूचाइएका यी दुई पात्रको सम्बन्धले रास्वपामा 'ड्यामेज कन्ट्रोल' भएको देखिन्छ । जेनजी आन्दोलनको क्रममा रवि नख्खु कारागारबाट बाहिरिएको, काठमाडौँ महानागर पालिकाका मेयर हुँदा सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनजस्ता राज्यका महत्त्वपूर्ण संरचना ध्वस्त हुँदा दमकल नपठाएको, युवाहरूलाई आन्दोलन गर्न उक्साएको जस्ता आरोपका कारण उनीहरु एक ठाउँमा आउनुपर्ने बाध्यात्मक परिस्थिति निर्माण भएको थियो ।

यिनै परिस्थितिलाई नजिकबाट बुझेका रवि र बालेनले आपसमा सहकार्य गर्ने निधो गरे, जसलाई निर्वाचनमा अध्याधिक जनमतले अनुमोदन गऱ्यो । सहमतिमै पार्टी हाँक्ने जिम्मा रवि र सरकार हाँक्ने जिम्मा बालेनलाई दिएकाले उनीहरूले तत्काल एकअर्काको कार्यक्षेत्रमा हस्तक्षेप गर्ने सम्भावना नरहेको विश्लेषक खतिवडाको बुझाइ छ ।

आगामी दिनमा रास्वपामा हुन सक्ने उनले दुई वटा परिदृश्य उनले औँल्याए । उनका अनुसार बालेन समूह निजी लोकप्रियता र नायकत्वमा विश्वास गर्ने चरित्रको भएकाले प्रधानमन्त्री हुन्जेल पार्टीभित्र रविले जेसुकै गरून् भनेर जानसक्ने सम्भावना देखिन्छ । अर्को, पार्टीबिना बालेन लामो समय टिक्न नसक्ने भएकाले चुनौती दिन पनि सक्ने खतिवडाको विश्लेषण छ ।

'दुई वटै कन्डिसनमा बालेनको सोच जे भए पनि बहुदलीय प्रजातन्त्र र संसदीय व्यवस्थाको एउटा इन्फ्लुएन्स सबै ग्रुपलाई हुन्छ । दीर्घकालीन रूपमा पार्टीबिना बालेन पनि टिक्न सक्दैनन्', उनले भने । रविको भारत भ्रमण अगाडि बालेन निकटस्थ उच्च नेताले खतिवडाको दोस्रो भनाइलाई बल पुग्नेगरी अभिव्यक्ति दिएका थिए । 'रविजी भारत भ्रमणको विषयमा आन्तरिक छलफलमै हुनुहुन्छ। बैठक बोलाउनुभएको छ । त्यहीँ छलफल होला। को-के गर्छ भनेर चासो दिने होइन, आफ्नो काम गर्ने हो । हामीलाई कुनै मतलब छैन', ती नेताले रातोपाटीसँग भनेका थिए ।

प्रधानमन्त्रीले सार्वभौम संसदमा नेपाल-भारत सीमासम्बन्धी विवादास्पद अभिव्यक्ति दिएका कारण दुवै देशमा ठुलो हलचल मच्चिएको छ। भारत भ्रमणको विषय सभापति रवि लामिछानेले गोप्य राखेका थिए। उनको भ्रमण भाजपाले नै सार्वजनिक गरेपछि मात्र रास्वपाले भ्रमणबारे औपचारिक विज्ञप्ति सार्वजनिक गऱ्यो।

पार्टी र सरकारलाई जानकारी नदिई भ्रमणको प्रक्रिया अगाडि बढाइएकोप्रति रास्वपाभित्रै प्रश्न उठेको थियो । भारत भ्रमणको अघिल्लो दिनसम्म पनि रविले पार्टीका पदाधिकारी, कूटनीतिज्ञहरुसँग छलफल गरेका थिए । बालेनको अभिव्यक्तिका कारण पार्टी र देशलाई नै अप्ठ्यारो परेको बेला भारत भ्रमणमा जानु प्रत्युत्पादक हुनसक्ने भएकाले अहिले जान नहुने उनीहरूले सुझाव दिएका थिए । केहीले प्रधानमन्त्रीको भ्रमण हुन नसकेको बेला पार्टी सभापतिको भ्रमणले देश र पार्टीबिचको सम्बन्ध विस्तारलाई बल पुग्ने सुझाव दिएका थिए । यद्यपि दुई पक्षबिच भएको कुराकानी आधिकारिक रूपमा सार्वजनिक भएको छैन ।

निर्वाचनपछि झन्डै दुई तिहाइ सरकारको शक्तिशाली प्रधानमन्त्री बनेका बालेनको प्रभाव बढ्दै गएको, सभापति रवि रक्षात्मक अवस्थामा पुगेको राजनीतिक वृत्तमा चर्चा चलेको थियो । सरकारमा बालेनले एकलौटी गरेकोप्रति गुनासो बढ्दै गएको थियो। वरिष्ठ नेता भएर पनि पार्टीको महत्त्वपूर्ण बैठकमा सहभागी नभएको, पार्टी र सरकारबिच समन्वय नभएको गुनासो बढ्दै गएको थियो ।

सुकुमबासीलाई व्यवस्थापन नगरी काठमाडौँ उपत्यकाका नदी किनारामा रहेका बस्तीमा डोजर चलाएको, संसदप्रति प्रधानमन्त्री जवाफदेही नभएको, न्यायालयमा परम्परा र अभ्यास तोडेको विषयमा रास्वपाकै सांसद डा. अमरेश कुमार सिंहले संसदमा आलोचना गरेका थिए । सिंहका अभिव्यक्तिले मधेसमा विद्रोह हुनसक्ने देखिएपछि रविले कोशी र मधेसबाट निर्वाचित सांसदहरूसँग छुट्टाछुट्टै छलफल गरेका थिए ।

यता रास्वपाको राष्ट्रिय महाधिवेशन नजिकिँदै गर्दा आफूलाई सर्वसम्मत सभापतिको रूपमा सर्वस्वीकार्यता बनाउन रवि चाहन्छन्। असार (७-९) सम्म चितवनमा हुने महाधिवेशनमा रवि निर्विकल्प सभापतिका रूपमा देखिएका छन् । संस्थापक सभापति रहेका उनी आगामी महाधिवेशनबाट सर्वसम्मत सभापति निर्वाचित हुन चाहन्छन् । अहिलेसम्म पार्टीभित्र उनको विकल्प खोज्ने पक्षमा कोही देखिएका छैनन्। महामन्त्री कवीन्द्र बुर्लाकोटीले रविलाई नै सर्वसम्मत सभापति चयन गर्ने बताए ।

बुर्लाकोटीले भने, 'सभापतिमा रविको विकल्प खोजेका छैनौँ । आगामी महाधिवेशनबाट उहाँ नै सर्वसम्मत रूपमा चयन हुनुहुन्छ । पार्टीलाई बलियो र एकढिक्का बनाएर देशलाई निकास दिन पनि उहाँ दोहोरिन आवश्यक छ । अन्य पदमा आकाङ्क्षी देखिनु स्वाभाविक नै हो । यद्यपि यसबारे पार्टीमा छलफल भएको छैन।'

पार्टी स्थापनाकालदेखि नै विभिन्न विवादमा तानिएका उनी सहकारी ठगी, संगठित अपराध, सम्पत्ति शुद्धीकरण मुद्दा विभिन्न अदालतमा विचाराधीन छ । जिल्ला र उच्च अदालत गरी झन्डै ६ करोडा धरौटी बुझाएर उनी मुद्दा लडिराखेका छन्। राजनीतिक र नैतिक रूपमा अप्ठ्यारो पर्दै गएको बेला भाजपा र भारत सरकारले दिएको उच्च सम्मानले रवि थप शक्तिशाली बन्ने देखिन्छ ।

यद्यपि पार्टीभित्र रविको शक्ति सन्तुलन पनि बलियो नै छ । मौजुदा केन्द्रीय समितिमा रवि पक्ष निकै बलियो देखिएका छन् । बालेन समूहको २६ र विवेकशील साझा समूहका ७ जना केन्द्रीय सदस्य हुँदा रास्वपा संस्थापन पक्षबाट ६० जना केन्द्रीय सदस्य छन् । केन्द्रीय समितिमा रवि पक्षको ६५ प्रतिशत हिस्सा कायमै छ। १६ सदस्यीय सचिवालयमा रवि पक्षको १२ जना छन् भने बालेन समूहका भूपदेव शाह, सागर ढकाल र सरिता श्री ज्ञवाली मात्र छन् ।

यता संसदीय दलमा पनि रवि पक्षकै बढी सांसद छन् । निर्वाचनको बेला रास्वपा र एकतामा जोडिएका पक्षधरबिच ६०/४० प्रतिशतको भागबन्डा भएको थियो । तत्काललाई बालेन समूहबाट हुनसक्ने चुनौती निष्प्रभावी बनाउन रविको भारत भ्रमणले मद्दत पुग्ने देखिए पनि दीर्घकालीन रूपमा यसरी अघि बढ्न नहुने विश्लेषक डम्बर खतिवडाको सुझाव छ । 'अन्तर्राष्ट्रिय शक्ति केन्द्रले कहाँ खेल्छन्, के गर्छन् यो एउटा विश्लेषणको पाटो हुन्छ, तर मुख्य कुरो हाम्रो आन्तरिक नै हुन्छ । जनता कति सन्तुष्ट हुन्छन्, असन्तुष्ट हुन्छन्, सरकार विरोधी प्रदर्शनहरु कति बढ्दै जान्छन्, मास साइकोलोजी कस्तो बन्छ ? पार्टीहरु भित्रका अन्तर्विरोधहरु, गुटहरूको सङ्घर्ष कस्तो हुन्छ, सरकारको पर्फर्मेन्स कस्तो हुन्छ, यी चिजहरूमा बढी भर पर्ने हुनाले भारतले दिएको सम्मानले नै नेपालको आन्तरिक राजनीतिमा धेरै ठुलो अर्थ राख्छजस्तो मलाई लाग्दैन', खतिवडाले भने । रातोपाटीबाट

# जातीय विभेद अन्त्यको साझा .........

पूर्व उपप्रमुख सविता रसाइलीले दलित समुदायमाथि हुने असमान व्यवहार अन्त्यका लागि निरन्तर संघर्ष आवश्यक रहेको धारणा व्यक्त गरिन्।

दलित सञ्जालका संयोजक सन्तोष विकको अध्यक्षतामा आयोजित कार्यक्रममा विभिन्न




अभियन्ता तथा सामाजिक अगुवाहरूले जातीय विभेद पूर्ण रूपमा अन्त्य गर्नुपर्नेमा जोड दिएका थिए । सांस्कृतिक कार्यक्रमअन्तर्गत गायक यामसागर विक र कलाकार दिवस परियारले साँस्कृति कार्यक्रम प्रस्तुत गरेका थिए ।

यस्तै, भानु नगरपालिकामा आयोजित कार्यक्रममा राष्ट्रिय सभा नेपाली कांग्रेसका सचेतक पदम परियारले जातीय विभेद अन्त्यका लागि सबै समुदायको समान सहभागिता आवश्यक रहेको बताए।

नगर प्रमुख आनन्द त्रिपाठीले पालिकालाई छुवाछूतमुक्त बनाउन प्रतिबद्ध रहेको बताए । उपप्रमुख उमा गोतामेले व्यवहारिक विभेद अझै कायम रहेको उल्लेख गरिन्।

त्यस्तै, व्यास नगरपालिकामा आयोजित कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले संविधानले जातीय विभेदलाई दण्डनीय अपराधका रुपमा परिभाषित गरेको उल्लेख गरे । नगर प्रमुख बैकुण्ठ न्यौपानेले व्यास नगरपालिकालाई छुवाछूतमुक्त घोषणा गर्ने तयारी भइरहेको बताए।

यस्तै, जिल्लाका स्थानीय तहहरूमा आयोजित कार्यक्रमहरूमा सरोकारवालाले कानुनको प्रभावकारी कार्यान्वयन, सामाजिक चेतना अभिवृद्धि र सामूहिक प्रयासमार्फत मात्र जातीय विभेद अन्त्य सम्भव हुनेमा जोड दिएका छन् ।

कार्यक्रमका वक्ता तथा सरोकारवालाहरूले जातीय विभेद अन्त्य गर्न केवल सरकारले मात्र होइन, समाजका सबै पक्ष जिम्मेवार बन्नुपर्नेमा जोड दिएका छन् । राजनीतिक दल, नागरिक समाज, विद्यालय, धार्मिक संस्था, सञ्चारमाध्यम र परिवार सबैले चेतनाको अभियान चलाउन आवश्यक छ । विभेदविरूद्धको शिक्षा विद्यालय तहदेखि नै सुरू हुनुपर्ने बताइएको छ । समाजमा सम्मान, समानता र मानवताको संस्कार विकास गर्न सकिए मात्र दीर्घकालीन परिवर्तन सम्भव हुन्छ । राज्यले विभेदसम्बन्धी घटनामा शून्य सहनशीलताको नीति व्यवहारमै लागू गर्नुपर्छ । दोषी जोसुकै भए पनि कानुनअनुसार कारबाही हुनुपर्छ। घटनालाई दबाउने, मिलापत्र गराउने वा राजनीतिक प्रभावका आधारमा उन्मुक्ति दिने प्रवृत्ति अन्त्य हुन आवश्यक छ ।

जातीय विभेद तथा छुवाछुत उन्मूलन दिवस केवल औपचारिक कार्यक्रमको दिन बन्नु नहुने र यो दिवस समाजलाई आत्मसमीक्षा गर्ने अवसर बन्नुपर्नेमा जोड दिइएको छ । संविधान र कानुन किताबमा मात्र सीमित हुने होइन, समाजको व्यवहारमा देखिनुपर्छ । मानिसको मूल्य उसको जातले होइन, उसको क्षमता, कर्म र मानवताले निर्धारण गर्छ भन्ने चेतना समाजमा स्थापित हुन सके मात्र जातीय विभेद अन्त्य सम्भव छ ।

## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय
**एकीकृत सेवा कार्यालय, तनहुँ**
दमौली, नेपाल

**परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं**

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवा सुविधामा पहुँच बढाऔं ।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गमैत्री बनाऔं ।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं ।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं ।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं ।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं ।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं ।



**रियुम्याटिक हृदय रोग स्क्रिनिङ :** प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँले भानु नगरपालिकाको सहकार्यमा भानु नगरपालिका वडा नं. ११ स्थित श्री राष्ट्रिय माध्यमिक विद्यालय, म्याखुमा सञ्चालन गरेको रियुम्याटिक हृदय रोग सम्बन्धी स्क्रिनिङ कार्यक्रममा सहभागि भएका बालबालिका। ५ देखि १५ वर्षसम्मका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिएको कार्यक्रममा बाल मुटुरोग विशेषज्ञ डा. अजित मिश्रले १८३ जना बालबालिकाको मुटु परीक्षण गरेका थिए । स्क्रिनिङका क्रममा दुई जना बालबालिकामा मुटुसम्बन्धी समस्या पहिचान भएको र उनीहरु उपचारको प्रक्रिया अगाडि बढाइएको छ । बालबालिकामा समयमै मुटुरोगको पहिचान गरी आवश्यक उपचार तथा परामर्श उपलब्ध गराउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बताइएको छ । *तस्विर : भञ्ज्याङ*

# बालबालिकाको सुरक्षा सुनिश्चित गर्न राष्ट्रसंघको आव्हान

भञ्ज्याङ समाचारदाता/काठमाडौं

निर्दोष बालबालिकामाथि हुने आक्रमणका पीडितको अन्तरर्राष्ट्रिय दिवस विहीबार मनाइएको छ । संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९८२ देखि मनाउन प्रारम्भ भएको यो दिवसको उद्देश्य युद्ध र सशस्त्र द्वन्द्वका कारण बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार र अधिकार उल्लङ्घनप्रति विश्वभर ध्यानाकर्षण गराउनु हो । संयुक्त राष्ट्रसंघका अनुसार युद्धग्रस्त क्षेत्रमा रहेका बालबालिका घरमा सुरक्षित रूपमा बस्न, विद्यालयमा अध्ययन गर्न, खेल्न वा अस्पतालमा उपचार गराउनसमेत नसक्ने अवस्थामा छन्। हत्या, शारीरिक क्षति, अपहरण, यौन हिंसा, विद्यालय तथा स्वास्थ्य संस्थामाथि आक्रमण र मानवीय सहायता पहुँचमा अवरोधजस्ता गम्भीर घटनाबाट बालबालिका प्रत्यक्ष प्रभावित भइरहेका छन् ।

महासचिव एन्टोनियो गुटरेसद्वारा सार्वजनिक 'बालबालिका र सशस्त्र द्वन्द्व' सम्बन्धी वार्षिक प्रतिवेदनअनुसार सन् २०२४ मा बालबालिकाविरूद्ध भएका गम्भीर उल्लङ्घनका घटना अघिल्लो वर्षको तुलनामा २५ प्रतिशतले बढेका छन् । प्रतिवेदनमा विश्वभर २२ हजार ४९५ बालबालिकालाई प्रभावित पार्ने ४१ हजार ३७० गम्भीर उल्लङ्घनका घटना प्रमाणीकरण गरिएका उल्लेख छ।

प्रतिवेदनमा सबैभन्दा बढी उल्लङ्घनका घटना इजरायल तथा अधीनस्थ प्यालेस्टिनी क्षेत्रमा आठ हजार ५५४, कङ्गो लोकतान्त्रिक गणतन्त्रमा चार हजार ४३, सोमालियामा दुई हजार ५६८, नाइजेरियामा दुई हजार ४३६ र हैटीमा दुई हजार २६९ वटा अभिलेख गरिएका छन् ।

प्रतिवेदनअनुसार हत्या तथा शारीरिक क्षति बालबालिकाविरूद्ध हुने सबैभन्दा धेरै गम्भीर उल्लङ्घनका रूपमा देखिएको छ। सन् २०२४ मा मात्र ११ हजार ९६७ बालबालिका यसबाट प्रभावित भएका छन् । विस्फोटक पदार्थ, युद्धका अवशेष, बारूदी सुरूङ, अस्थायी विस्फोटक उपकरण तथा जनघनत्व बढी भएका क्षेत्रमा गरिएका आक्रमणका कारण अधिकांश बालबालिका पीडित भएका छन् । सशस्त्र समूह तथा सैन्य बलद्वारा हजारौं बालबालिकालाई भर्ती गरी युद्ध तथा सहयोगी भूमिकामा प्रयोग गरिएको प्रतिवेदनमा उल्लेख छ। अपहरण तथा बाल सैनिकका रूपमा प्रयोग गरिने घटनामा वृद्धि भएको जनाइएको छ ।

बालबालिकाविरूद्ध हुने यौन हिंसाका घटनासमेत बढ्दै गएका छन् । विशेषगरी बालिकाहरू बढी प्रभावित भए पनि बालकहरू पनि यौन हिंसाको सिकार बनेका छन्। सामाजिक कलङ्क, प्रतिशोधको डर तथा पर्याप्त सहयोग सेवाको अभावका कारण यस्ता घटना अझै कम मात्रामा सार्वजनिक हुने गरेको राष्ट्रसंघले जनाएको छ ।

सन् २०२४ मा मानवीय सहायता पहुँचमा अवरोधसमेत चिन्ताजनक रूपमा बढेको प्रतिवेदनमा उल्लेख छ । द्वन्द्वरत पक्षहरूले राहत सामग्री बोकेका सवारीसाधन र सहायता कर्मीमाथि आक्रमण गर्नुका साथै आवतजावतमा प्रतिबन्ध र प्रशासनिक अवरोध सिर्जना गर्दा बालबालिका स्वास्थ्य, शिक्षा र संरक्षणलगायत आधारभूत सेवाबाट वञ्चित भएका छन् ।

संयुक्त राष्ट्रसंघले गत वर्ष विद्यालय र अस्पतालमाथि करिब दुई हजार आक्रमण भएको पुष्टि गरेको छ। यस्ता घटनाले बालबालिकाको शिक्षा र स्वास्थ्य सेवामा पहुँच थप प्रभावित भएको तथा द्वन्द्वग्रस्त क्षेत्रमा उनीहरूको जोखिम बढेको प्रतिवेदनमा उल्लेख छ । उक्त विश्वसंस्थाले बालबालिकामाथि हुने गम्भीर उल्लङ्घन अन्त्य गर्न द्वन्द्वका मूल कारण समाधान, दोषीमाथि जवाफदेहिता सुनिश्चित तथा बाल संरक्षण, पुनःस्थापना र पुनःएकीकरणका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ ।

यसैबीच, बालअधिकार अभियन्ता तथा संयुक्त राष्ट्रसंघको 'बालबालिका र सशस्त्र द्वन्द्व' सम्बन्धी ऐतिहासिक प्रतिवेदनकी लेखक डा. ग्रासा माशेलले बालबालिकाको सुरक्षा सुनिश्चित गर्नु वयस्कहरूको साझा दायित्व भएको बताउनुभएको छ। उहाँले प्रत्येक बालबालिकाको अधिकार सुरक्षित र सुनिश्चित हुने शान्तिपूर्ण विश्व निर्माणका लागि अन्तर्राष्ट्रिय समुदायले थप प्रतिबद्धता देखाउनुपर्नेमा जोड दिनुभएको छ। "बालबालिका सबैभन्दा पहिले बालबालिका नै हुन् । उनीहरूको संरक्षण गर्नु र उनीहरूका सबै अधिकार सुनिश्चित हुने शान्तिपूर्ण संसार निर्माण गर्नु हाम्रो दायित्व हो", उहाँले यस अवसरमा जारी गर्नुभएको सन्देशमा भन्नुभएको छ । रासस




facebook twitter



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

संबिधानले नचिन्ने संबिधान शंसोधन समितिमा दलगत प्रतिनिधी किन चाहियो? जबकि त्यो संसदको विजनेस हो। फेरि प्रतिनीधीसभाको एउटा प्रावधानले प्रारम्भमै त्यो विवादीत भैसक्यो। कन्टेन त काँग्रेस, एमाले र नेकपाले चाहेजस्तो हुने गणित नै छैन। साँच्ची, टिभीको ग्रेटर नेपाल पाईयो त रविजी? टाँय, टाँय फिस।



**Birat Aanupam**
x.com/birat_anupam

राजनीतिक चेत भएको मान्छेः विमती राख्छ। असमति दर्ज गर्छ। तर, अरू सम्बन्धका आयामलाई निरन्तरता दिन्छ किनभने यसलाई सबै आफू जस्तो विचारकै हुनुपर्छ भन्ने लाग्दैन । उसलाई लोकतन्त्र थाहा हुन्छ । बहुलवाद थाहा हुन्छ ।
राजनीतिक चेत हुँदैनभएको मान्छेः आफ्नो धारणासँग मेल नखानेलाई मान्छे गन्दैन । जे पायो त्यो लेख्छ। जतापायो त्यतै ल्याङल्याङ गर्छ । आफू वा आफ्नो धारणासँग मिल्दा हरिद्धार नमिल्दा मलद्धार सोच्छ।



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

शिक्षा, संस्थागत क्षमता र भौतिक पूर्वाधारमा रहेका संरचनात्मक समस्याहरु विकासशील देशहरूको उन्नतिको प्रमुख बाधक हुन्। यथास्थितिको निरन्तरता भित्र गरिने टुक्रे नीतिगत हस्तक्षेपहरूले यस्ता संरचनात्मक समस्याको समाधान दिन सक्दैनन्। सतहमा देखिएका लक्षणहरुप्रति केन्द्रित प्रतिक्रियात्मक नीतिगत पहलहरु त झन् प्रत्युत्पादक हुने जोखिम हुन्छ। नेपाल पनि लामो समयदेखि यस्तै घनचक्करमा पिर्सिंदै आएको छ।

# भिमादमा गुदारोग सम्बन्धी विशेष आयुर्वेद शिविर

भञ्ज्याङ समाचारदाता/दमौली

प्रदेश आयुर्वेद चिकित्सालय दमौली, तनहुँको आयोजना तथा भिमाद नगरपालिकाको भिमाद आयुर्वेद औषधालयको समन्वयमा गुदारोग (एनो-रेक्टल) सम्बन्धी विशेष आयुर्वेद शिविर सञ्चालन गरिने भएको छ ।

शिविरमा नरदेवी आयुर्वेद अस्पताल काठमाडौंका शल्य चिकित्सक तथा प्रदेश आयुर्वेद चिकित्सालयमा कार्यरत आयुर्वेद चिकित्सकद्वारा गुदारोग अन्तर्गत पर्ने पाइल्स, फिस्टुला र फिसर जस्ता समस्याको पहिचान, परामर्श तथा उपचार सेवा प्रदान गरिने जनाइएको छ।

गुदारोग सम्बन्धी समस्याबाट पीडित नागरिकलाई लक्षित गरी सञ्चालन गरिने शिविर जेठ २३ र २४ गते (शनिबार र आइतबार) भिमाद आयुर्वेद औषधालय, भिमाद तनहुँमा सञ्चालन हुने भएको छ।

शिविरमा अनुभवी शल्य चिकित्सक तथा आयुर्वेद चिकित्सकबाट परीक्षण र उपचार, आयुर्वेदिक पद्धतिबाट सुरक्षित तथा प्रभावकारी उपचार, शल्यक्रियाविनाका (जहाँ सम्भव हुन्छ) प्रविधि तथा क्षारसूत्र सेवा र गोपनीयतापूर्ण परामर्श सेवा उपलब्ध गराइने प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँका वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईले बताए ।

दिसा गर्दा रगत आउने, गुदद्वार वरिपरि गाँठो निस्कने, अत्यधिक दुखाइ हुने, घाउ वा पिप बगिरहने तथा दिसा गर्न कठिनाइ हुने समस्या देखिएका व्यक्तिहरूलाई शिविरमा सहभागी भई स्वास्थ्य परीक्षण गराउन उनले आग्रह गरेका छन् ।




**www.bhanjyangnews.com**
Email- bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४